# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०४/०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------------

भूमिसुधार कार्यालय बाराको मोही शाखामा कार्यरत नायब सुब्बा विश्वनाथ प्रसाद यादबले सेवाग्राहीको हजुरबुबाको नाममा दर्ता रहेको जग्गा हजुरबुबाको नामबाट सेवाग्राहीको नाममा नामसारी तथा बाँडफाँड गर्ने प्रयोजनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हटौंडाबाट खटिई गएको टोलीले निजलाई रु.१५,०००/-(पन्ध्र हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, निजलाई बिगो रु. १५,०००/- (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता